# संघीय संसद सेवा दर्पण (स्मारिका) प्रकाशन समिति

# सूचना

मिति : २०७६/०७/०६

**विषय : लेख-रचना उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी २०७६ मंसिर २८ गते संघीय संसद सेवा दिवसको अवसरमा **"संघीय संसद सेवा दर्पण (स्मारिका)"** प्रकाशन गर्ने प्रयोजनार्थ देहायको विषयक्षेत्र र शर्तहरुको अधीनमा रही लेख-रचना तयार पारी तपसिलमा उल्लिखित समयावधिभित्र यस समितिमा उपलब्ध गराइदिनुहुन संघीय संसदका माननीय सदस्यहरु, पूर्व सदस्यहरु, सचिवालयमा कार्यरत तथा सचिवालयका पूर्व कर्मचारीहरु एवं विषय-विज्ञहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**आफूले लेख्न चाहेको लेख-रचनाको शीर्षक उपलब्ध गराउनु पर्ने अन्तिम मितिः**

२०७६ कार्तिक १५ गते

**लेख-रचना उपलब्ध गराउनु पर्ने अन्तिम मितिः**

२०७६ कार्तिक २२ गते

**लेख-रचनासँग सम्बन्धित विषयक्षेत्रः**

संसद, संसदीय अभ्यास र गतिविधि (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

**लेख-रचना सम्बन्धी शर्तहरुः**

- लेख-रचना सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई समेटिएको र मौलिक हुनुपर्नेछ ।
- लेख-रचना २५०० देखि ३५०० शब्दसम्मको हुनुपर्नेछ ।
- लेख-रचना नेपालीमा कालिमाटी फन्ट १० साइज वा अंग्रेजीमा Times New Roman फन्ट १२ साइजमा हुनुपर्नेछ ।

(क्रमशः)

- लेख-रचनाका साथ हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति फोटो र लेख-रचनाको Softcopy र Hardcopy दुवै उपलब्ध गराउनुपर्नेछ ।
- लेख-रचना निर्धारित समयावधिभित्र समिति समक्ष उपलब्ध गराउनु पर्नेछ । म्याद नाघी आएका लेख-रचना प्रकाशन गर्न समिति बाध्य हुने छैन ।
- एकै शीर्षकमा एकभन्दा बढी लेख-रचना प्राप्त भएमा स्मारिका प्रकाशन समितिको निर्णयानुसार उत्कृष्ट ठहरिएको लेख-रचनालाई प्राथमिकता दिइनेछ ।
- अन्यत्र प्रकाशन नभएका लेख-रचना मात्र प्रकाशनको लागि ग्राह्य हुनेछन् ।
- तोकिएका विषयक्षेत्र भन्दा बाहिरका लेख-रचना प्रकाशन गरिने छैन ।
- अस्पष्ट, तथ्यहीन र विवादास्पद लेख-रचना प्रकाशन गरिने छैन ।
- लेख-रचनामा अन्य विषयहरुको अतिरिक्त सारांश (Abstract), निष्कर्ष (Conclusion), सन्दर्भ सामग्री (References) र आवश्यकतानुसार उद्धरण (Citation) उल्लेख भएको हुनुपर्नेछ ।
- लेख-रचना प्रकाशन गर्ने/नगर्ने सम्पूर्ण अधिकार समितिलाई हुनेछ । यस सम्बन्धमा समितिको निर्णय नै अन्तिम हुनेछ ।
- प्रकाशित लेख-रचनाका लागि सचिवालयको निर्णयानुसारको पारिश्रमिक उपलब्ध गराइने छ ।

**<u>सम्पर्क व्यक्तिः</u>**

शा.अ. श्री सानुकाजी व्यञ्जनकारः ९८४१२४३८६१
ना.सु. श्री कविन्द्र लम्सालः ९८४७३७५१७५

**Email** : samsadsmarika@parliament.gov.np

(सानुकाजी व्यञ्जनकार)
सदस्य-सचिव